चिशंखुगढी गाउँपालिकाको गाउँसभामा मिति २०७७ साल आषाढ ०७ गते आईतबार गाउँपालिका अध्यक्ष श्री निशान्त शर्माले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम


चिशंखुगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

प्रदेश नं. १, नेपाल

# गाउँसभाको बैठकमा गाउँपालिकाका अध्यक्ष श्री निशान्त शर्माज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमः

उपाध्यक्ष ज्यू, एवंम् गाउँसभाका सदस्य ज्यूहरु,
अतिथि दिर्घामा रहनुभएका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधी ज्यूहरु,
विभिन्न कार्यालय प्रमुख तथा प्रतिनिधी ज्यूहरु,
प्रधानाध्यापक, शिक्षक महानुभावहरु,
विभिन्न पेशागत संघसस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीसाथीहरु,
गैरसरकारी संस्था, महासंघ, नेपाल पत्रकार महासंघ, तथा सरकारी तथा गैरसरकारी संघसस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, एवम् स्थानीय उद्योगी, व्यापारी ज्यूहरु,
महिला, बालवालिका, आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्गतासंग सम्वन्धित संघसस्थाका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,
सुरक्षाकर्मी तथा पत्रकार साथीहरु, एवम् उपस्थित महानुभावहरु,

यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति, योजना, कार्यक्रम तथा बजेट प्रस्तुतीकरणको उद्घघाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा चिशंखुगढी गाँउपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भइरस (कोभिड-१९) को कारण आज विश्व ठूलो विपत्तिको चपेटामा छ । आजको दिन सम्म विश्वमा संक्रमित एवं मृत्यू हुनेको संख्या लाखौं नाघिसकेको अवस्थामा नेपालमा पनि दिन प्रति दिन संक्रमितको संख्या बढिरहेको छ र यो संख्या अझै बढ्ने अनुमान गर्न सकिन्छ । यस विषम् परिस्थितिमा हामी सबै आम नागरिकहरु सचेत, सजग एवं संयम हुन अत्यन्त जरुरी छ । यस जटिल एवं चुनौतीपूर्ण परिस्थितिको सामना गर्न तथा प्रतिकूल परिस्थितिलाई मध्यनजर गर्दै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह कोरोना भाइरस (कोभिड-१९) को प्रभावलाई कम गर्न तथा मानवीय कृयाकलाप एवं व्यवहारका कारण सिर्जना हुने भयावह स्थितिलाई रोक्न प्रयासरत छन् तसर्थ हामी पनि कोभिड-१९ को महामारीलाई नियन्त्रण एवं रोकथाम गर्नका लागि अन्य सरोकारवालाहरु सँगको समन्वयमा आम चिशंखुगढी बासीहरुको स्वास्थ्य प्रति सजग एवं सचेत हुँदै विदेशबाट फर्की आएका तथा अन्यत्र स्थानबाट गाउँपालिका क्षेत्र भित्र प्रवेश गरेका नागरिकहरुको तथ्यांक लिने, आवश्यकतानुसार निजहरुलाई क्वारेन्टाईनमा राख्ने तथा स्वास्थ्य कर्मीहरुको प्रत्यक्ष निगरानीमा राखी अन्य आम नागरिकहरुमा कोरोना भाइरस (कोभिड-१९) को महामारी फैलिन नदिनको लागि गाउँपालिकाले आवश्यक स्रोत साधन व्यवस्थापन गरी परिचालन गरेको छ । साथै यस महाविपत्तिको प्रभावबाट प्रभावित गाउँपालिकाका नागरिकहरुलाई पहिचान गरी राहात समेत वितरण गरिएको कुरा सर्वविदितै छ । यस प्रकारको प्रतिकूल परिस्थितिमा  समन्वयात्मक एवं सहयोगी भूमिका खेल्नु हुने माननीय ज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, वडाध्यक्ष एवं गाउँ कार्यपालिकाका सदस्यहरु तथा सम्पूर्ण सभा सदस्यहरु, अहोरात्र खट्नु हुने गाउँपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण सहयोगी संघ संस्थाहरु एवम् सहयोगी मनहरु प्रति धन्यवाद व्यक्त गर्दछु । साथै आवश्यक स्रोत साधनको परिचालनका लागि यस

गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गरी सहयोग गर्नुहुने गाउँपालिकाका जनप्रतिनिधि ज्यूहरु, नेपाल सरकारका कर्मचारी, शिक्षक लगायत सम्पूर्णमा विशेष आभार व्यक्त गर्दछु ।

सम्पूर्ण चिशंखुगढीबासी आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुले आ-आफ्नो स्थानबाट व्यक्तिगत सामीप्यता, संसर्गबाट टाढा रही सामाजिक दूरी कायम राख्दै कोरोना भाइरस (कोभिड-१९) विरुद्धको विश्वव्यापी लडाइमा एकाकार हुनको लागि हार्दिक अपिल गर्दछु । आजको दिनमा प्रत्येक नागरिक आफैंमा सुरक्षित हुनु, आफ्नो परिवारलाई सुरक्षित राख्दै सिंगो समाज र राष्ट्रलाई यस प्रकारको भाइरसद्धारा सिर्जित महासंकटबाट सुरक्षित बनाई भविष्यमा हुन सक्ने संभावित जोखिम तथा विपत्तिबाट सिंगो मावन समुदायलाई बचाउनु आजको अनिवार्य आवश्यकता हो त्यसैले आम नागरिक, सम्पूर्ण सरोकारवालाहरुको सहयोग, समन्वय एवं सकरात्मक भूमिकाको अपेक्षा गर्दै आगामी दिनमा कोरोना भाइरस विरुद्धको विश्वव्यापी लडाईंमा एक जुट हुनको लागि आब्हान गर्दछु । महामारीको रुपमा फैलिएको कोरोना भाइरसद्धारा संक्रमितहरुमा शिघ्र स्वास्थ्य लाभको कामना तथा ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु ।

यस प्रकारको चुनौतीको सामना गर्नका लगि स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार हुनुको नाताले समन्वयात्मक भूमिका खेल्दै राहत, उद्धार एवं पुनर्स्थापनाका लागि आगामी दिनमा गाउँपालिका तथा प्रत्येक वडाका विपद् व्यवस्थापन सँग सम्बन्धित संयन्त्रहरुलाई प्रभावकारी बनाउन प्रकोप व्यवस्थापन कोषलाई सुदृढीकरण गरी रकम विनियोजन गरिनेछ ।

देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै यस चरणमा पुऱ्याउनका लागि आफ्नो प्राणोत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, सम्पूर्ण शहिद परिवारमा हार्दिक श्रद्धासुमन तथा घाइते योद्धाहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहन्छु ।

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताले गरेको वलिदानीपूर्ण सङ्घर्षको जगमा सञ्चालित प्रजातान्त्रिक आन्दोलनहरु, जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनको दिशानिर्देशअनुरुप जननिर्वाचित संविधानसभाबाट नेपाली जनताका प्रतिनिधिहरुमार्फत जारी भएको संविधानका प्रावधानहरुलाई कार्यान्वयन गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ पश्चातको संवैधानिक व्यवस्था बमोजिम आज म यस चिशंखुगढी गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा चौथो पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै खुसी भएको छु ।

एकात्मक तथा केन्द्रीकृत शासन पद्धति तथा संरचनालाई बदल्दै राज्यको पुनसंरचना गर्दै गठन भएको स्थानीय सरकार मार्फत आफ्नो गाउँ आफैँ बनाउँने तथा ***"समृद्ध नेपाल, सुखी नेपाली"*** को अभियानलाई मूर्तरुप दिने जिम्मेवारी हाम्रो साझा दायित्वको रुपमा रहेको छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय स्तरमा जनप्रतिनिधीहरुको नेतृत्वमा स्थानीय सरकार गठन भई कार्य थालनी भएको ३ वर्ष सम्म पनि पर्याप्त दक्ष जनशक्ति, आवश्यकीय कानून, प्रर्याप्त स्रोतसाधनको अभाव जस्ता कारणले अपेक्षित जनभावना अनुरुपको उपलब्धी हासिल गर्न नसके पनि त्यस्ता समस्याहरु क्रमशः समाधान गरिदै लगिने छ । यो हाम्रो लागि अवसर र चुनौती दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने र समाजमा स्थायी शान्ति, समृद्धि र दिगो विकासको सुरुवात गर्ने ऐतिहासिक चरणको थालनीको क्रममा छ । कामको दायित्व

स्थानीय सरकारलाई सुम्पेको भएपनि स्रोत साधनमाथिको अधिकार स्थानीय सरकारलाई कमी हुनु, आवश्यक वित्तिय व्यवस्थाको अभावजस्ता विद्यमान चुनौतीका वावजुत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आए साथै गाउँपालिकाको प्रशासकीय ऐन, शिक्षा ऐन, सहकारी ऐन,संघसस्था दर्ता ऐन लगायतका अत्यावश्यक ऐन कानूनहरु निर्माण गरी कार्यान्वयनको चरणमा रहेको हुँदा जनताका अपेक्षा अनुकूल योजना तर्जुमा गरी क्रमशः कार्यान्वयनको चरणमा रहेको छ। विकट भौगोलिक संरचना, छरिएर रहेका मानव बस्तीहरु, कमजोर आर्थिक अवस्था र आधारभूत पूर्वाधारहरुको अभावका वाबजुद हामीले स्थानीय सरकार सञ्चालन गरी रहेका छौं । संघीय सरकार र प्रदेश सरकारका विकासका आधारपत्रहरु तथा चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाले निर्दिष्ट गरेको ***"कृषि, पर्यटन र दिगो पूर्वाधार, चिशंखुगढी गाउँपालिकाको वलियो आधार"*** को आकांक्षालाई पुरा गर्ने दिर्घकालिन सोच लिईएको छ । आवधिक विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य,उद्देश्य, रणनीति कार्यनीतिहरुलाई मार्गदर्शकको रुपमा लिदै योजनाहरुलाई प्राथमिकीकरण गरी विकासका कार्यक्रमहरु अगाडी वढाइनेछ । जातीय सामाजिक, साँस्कृतिक विविधताका बीचमा भावनात्मक एकता कायम गर्दै आर्थिक, सामाजिक र मानव संशाधनको विकासलाई जोड दिदै जनताको अवस्थामा सकारात्मक परिवर्तन ल्याउने जिम्मेवारी सहित गाउँपालिका विकासको निर्दिष्ट लक्ष्य तथा उद्देश्य पूरा गर्ने महत्वपूर्ण आधारको रुपमा यो सभालाई लिन सकिन्छ ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अव म चिशंखुगढी गाउँपालिकाको आ.ब. २०७७/०७८ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १.आर्थिक विकासः

१.१ कृषि तथा पशुविकास कृषकहरु माझ विद्यमान समस्याहरुलाई सहज पहिचान गर्न र आधुनिक प्रविधिको उपयोगको माध्यमद्धारा आफ्नो उत्पादनमा वृद्धि गरी आत्मनिर्भर गराउनको लागि प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्दै एक गाउँ एक कृषि प्राविधिक र सेवाकेन्द्र मार्फत सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।

१.२ सम्भाव्यताको आधारमा तरकारी, फलफुल, खाद्यान्न, पशुपालन, माहुरीपालन र नगदेवाली पकेट क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा युवा लक्षित, व्यवसायिक खेती तथा आधुनिक कृषि प्रणालीको माध्यमवाट स्वरोजगारको अवसर सिर्जना गरिनेछ। आँप, लिची, सुन्तला, कागती, अनार जस्ता फलफुल वालीहरुको व्यवसायिक उत्पादन वृद्धि गर्न विभिन्न जातका विरुवाहरु उपलब्ध गराईनेछ। साथै उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गरिनेछ ।

१.३ कृषि पेशामा आवद्ध कृषकहरुलाई कृषक समुहमा आवद्ध गराई स्वावलम्वन सम्बन्धी क्रियाकलापमा संलग्न गराउदै कृषक सहकारी संस्थाको माध्यमवाट स्थानिय कृषि उत्पादन एवम् विक्रिका लागि कृषि बजारको सुनिश्चितता गराउन पहल गरिनेछ ।

१.४ मकै, धान तथा कोदो वालीमा उन्नत जातको बिउको प्रयोगवाट उत्पादन वृद्धि गरी खाद्य सुरक्षामा सहयोग पुर्‍याइने छ ।

१..५ प्राङगारिक मलको प्रयोगलाई प्राथमिकता दिदै रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरिदै लगिने छ ।

१.६ रोग किरा व्यवस्थापनमा आइ. पि. एम. प्रविधिको अवलम्वन गरिने छ ।

१.७ स्थानीय स्तरमा उत्पादन गरिएका उन्नत विउको संरक्षण तथा सर्म्वद्धन गरी आयातित विउलाई क्रमिकरुपमा प्रतिस्थापन गरिने छ ।

१.८ व्यवसायिक पशुपालन तर्फ कृषकहरुलाई आकर्षित गर्दै लगिने छ, साथै पशुहरुमा उन्नत जातको नश्ल सुधार गर्नको लागि आवश्यक कार्यक्रम ल्याइनेछ । व्यावसायिक कृषकहरुलाई कृषि उद्यमीको रुपमा विकास गर्न व्यावसायीक कृषि अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१.९ कृषि वाली तथा पशुपंक्षी बिमा कार्यक्रमलाई प्रोसाहन गर्दै लगिनेछ ।

१.१० कृषि उत्पादनलाई प्रोसाहन गर्नको लागि कृषकहरुलाई सहुलियत ऋण उपलव्ध गराउनुका साथै अनुदानको व्यवस्था गर्न पहल गरिने छ ।

१.११ कृषि तथा पशु विकास सेवालाई प्रभावकारी बनाउन एक गाउँ एक प्राविधिक कार्यक्रमलाई मन्त्रालयको साझेदारीमा निरन्तरता दिइनेछ ।

१.१२ चिनौ आफ्नो माटो बनाऔं आफ्नो गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१.१३ गाउँपालिका भित्रका सम्पूर्ण जग्गाको वर्गिकरण गरी कृषि योग्य भूमिको संरक्षण गरिनेछ ।

१.१४ युवा उद्यमशीलता कार्यक्रमलाई प्रवर्द्धन गरी प्रभावकारी कार्यान्वयन मार्फत गा.पा. क्षेत्र भित्र जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१.१५ गाउँपालिका क्षेत्र भित्रका जमिनको उपयोगितालाई अभिवृद्धि गर्न भू-उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

१.१६ कृषि उत्पादनलाई बढवा दिन उत्पादकत्व वृद्धिका लागि जलस्रोतको सम्भाव्यताको आधारमा थप सिंचाइ कार्यक्रम विस्तार गर्दै लगिनेछ।

१.१७ यस गाउँपालिकाको समग्र कृषिका क्षेत्रलाई व्यवस्थित बनाई कृषिलाई आधुनिकिकरण गरी जीवन निर्वाहमुखी कृषि कर्मबाट व्यवसायीक एवं औधोगिक कृषि प्रणाली तर्फ विकास गर्न कृषि विकास रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१.१८ पशु चौपायको स्वास्थ्यलाई मध्यनजर गर्दै पशु स्वास्थ्य ल्याबको व्यवस्थापन गरिनेछ।

## २. उद्योग तथा वाणिज्यः

२.१ घरेलु उद्योग व्यवसाय सञ्चालन गर्न सम्भाव्यताको अध्ययन गरी निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक र आयमुलक वनाउन थप योजना वनाइने छ, साथै कृषिजन्य उद्योग सञ्चालनका निम्ती प्रोसाहन तथा अनुदानको व्यवस्था मिलाइने छ ।

२.२ सीप विकास तथा उद्यम विकास तालिम संचालन गरी उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण गरी परम्परागत उद्योगको संरक्षण एवं प्रर्वद्धन गरिने छ ।

## ३. पर्यटनः

३.१ गाउँ स्तरमा रहेका ऐतिहासिक स्थल कोटगढी, सिंहदेवी, रातमाटे झरना, महभीर झरना, चिसापानी गढहा खोला झरना, पिचिरिङ्ग झरना, टोपा गुफाहरु लगायतका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको सम्भाव्यता अध्ययन गरी पैदल मार्ग तथा पर्यटन प्रवद्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ ।

३.२ चिसापानी, खस्रे, गैरी लगायतका स्थानहरुलाई पर्यटकीय स्थानको रुपमा विकास गर्न आवश्यक कार्यक्रमहरु व्यवस्था गरिने छ ।

**४ सहकारीः** सहकारी ऐनको परिधी भित्र रही गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक व्यवस्थापनमा सहयोग गरिनेछ ।

## २. सामाजिक विकास

### २.१. शिक्षा

२.१.१ भुकम्पको असरवाट क्षति भएका, जिर्ण अवस्थामा रहेका साथै विद्यार्थी संख्याको अनुपातमा भवन अभाव भएका विद्यालयहरुको छनौट गरी त्यस्ता स्थानहरुमा आधुनिक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२.१.२ गाउँपालिका क्षेत्रमा सञ्चालित आधारभूत र मा. वि. स्तरका विद्यालयहरुमा कम्प्युटर कक्षा, Science ल्याव, ई-लाइव्रेरी खोली सञ्चालन गर्न र अंग्रेजी भाषाका अतिरिक्त पाठ्यक्रम व्यवस्थापन गरी कक्षा सञ्चालन गर्न प्राथमिकता दिने नीति अवलम्वन गर्दै माध्यमिक स्तरमा कक्षा ९ देखि प्राविधिक विषयहरु अध्यापन गराउनको लागि आवश्यक पर्ने पूर्वाधारको तयारी गरिनुको साथै विद्यालयहरुलाई प्रगति सुचांङ्कका आधारमा प्रोसाहन तथा पुरस्कृत गर्दै लगिनेछ ।

२.१.३.मातृभाषा शिक्षालाई प्रोसाहन गरी अगाडि बढाउने तथा सीपमा आधारित शिक्षा नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

२.१.४.अपांग, दलित, आदिवासी, जनजाति, सिमान्तकृत, अल्पसंख्यक, उपेक्षित वर्गका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा प्राप्त गर्न विभिन्न प्राविधिक शिक्षालयहरुसंग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२.१.५. विद्यार्थीसख्या, दुरी तथा आवश्यकताको आधारमा विद्यालयको स्तरउन्नती तथा समायोजन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२.१.६. शिक्षकको दरवन्दी मिलान सहित गुणस्तर अभिवृद्धिका लागि पेशागत दक्षताको विकास गर्न आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

२.१.७. स्थानीय प्रयासद्धारा शिक्षाको गुणस्तरमा अभिवृद्धि गरिने छ ।

२.१.८. गाउँपालिकामा एक कवर्डहलको निर्माण गर्न र सबै वडाहरुमा कम्तिमा १/१ वटा खेलमैदानको निर्माण कार्यलाई निरन्तरता दिइने छ । साथै विभिन्न किसिमका खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ ।

२.१.९. गाउँपालिका भित्र कम्तिमा १ (एक) नमुना विद्यालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

२.१.१०. विद्यालय भन्दा वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्नको लागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

२.१.११.शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै शिक्षा प्रशासनलाई व्यवस्थित गर्नका लागि चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ को प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## २.२ स्वास्थ्य

२.२.१.विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) को कारणबाट सृजना भएको परिस्थितिलाई मध्यनजर गर्दै उक्त भाइरसको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्रोत साधनको व्यवस्था एवं परिचालन गरिनेछ ।

२.२.२ जिल्ला एवं पालिका स्तरमा कोभिड-१९ को परीक्षण कार्यलाई सहजीकरण गर्नका लागि सरोकारवाला निकायहरु सँगको समन्वयमा आवश्यक उपकरण खरिद एवं व्यवस्थापनका लागि पहल गरिनेछ ।

२.२.३ आर. डि. टी. परीक्षणको वर्तमान अवस्थालाई सुदृढीकरण गर्न आवश्यक किटको व्यवस्थापन गरी परीक्षणको दायरालाई फराकिलो बनाइनेछ । साथै आवश्यक संख्यामा गाउँपालिका क्षेत्र भित्र क्वारिन्टिनको स्थापना गर्दै लगिनेछ ।

२.२.४. मातृशिशु मृत्यूदरलाई कम गर्नका साथै स्वास्थ्य संस्थामा शिशु सुरक्षित रुपमा जन्माउन वडाका सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार तथा दक्ष कर्मचारीहरुको व्यवस्था गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.२.५ वडा तथा समुदाय स्तरमा रहेका महिला स्वास्थ्य स्वयमंसेविकाहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी प्रोत्साहनका कार्यक्रम गरिने छ ।

२.२.६ स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२.२.७ गाउँपालिका स्तरमा एक अस्पताल स्थापना गर्न गरिएको पहल बमोजिम १५(पन्ध्र) शैयाको अस्पताल निर्माणका लागि स्वीकृत भएको पोखरे स्वास्थ्य चौकी स्तरोन्तीको निर्माण कार्यलाई आवश्यक जग्गा व्यवस्थापन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। साथै अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार निर्माण तथा क्षमता विकासका कार्यहरुलाई प्राथमिकताकासाथ निरन्तरता दिइ कार्यान्वयन गरिनेछ । विभिन्न रोगहरुको पहिचानका लागि गाउँपालिका भित्र आवश्यकताका आधारमा प्रयोगशाला (ल्याव) स्थापना गर्ने कार्यलाई विस्तार गर्दै लगिने छ ।

२.२.८ राष्ट्रिय स्वास्थ्य नीति, २०७१ अनुरुप नागरिकहरुलाई गुणस्तरीय, सुरक्षित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न, स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याई नागरिकको पहुँच अभिवृद्धि गर्न एवम् स्वास्थ्यका सूचांकहरुलाई सकरात्मक योगदान पुऱ्याउनका लागि यस क्षेत्रमा संग्लन निजी तथा गैर सरकारी क्षेत्रसंग समन्वय गरी कार्यक्रम संञ्चालन गरिनेछ ।

२.२.९ दरवन्दी अनुसारका कर्मचारी उपलव्ध गराउन सम्वन्धित निकायसंग आवश्यक पहल गरिने छ ।

२.२.१० गम्भीर प्रकृतिका रोगका विरामी साथै आकस्मिक रुपमा हुने दुर्घटना र स्वास्थ्य उपचार गर्न सकिने सहुलियतको लागि स्वास्थ्य विमा कार्यक्रमको थालनी गरिनेछ ।

२.२.११ स्वास्थ्यसँग सम्बन्धित अति संवेदनशील पक्षको रुपमा रहेको मानसिक स्वास्थ्यको पाटोलाई समेत सम्बोधन गर्नका लागि गाउँपालिका र साझेदारी संस्थाको संयुक्त पहलकदमीमा मानसिक स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयन गरिनेछ।

## ३. खानेपानी तथा सरसफाई

३.१ पानीको अभाव भएका ठाउँलाई उचीत तथा दिर्घकालीन योजना तयार गरी स्वच्छ खानेपानी आपूर्तिमा पहल गरिने छ। साथै पानीको मुहान नभएका स्थान तथा भौगोलिक विकट भएका वस्तीहरुमा आधुनिक प्रविधिका खानेपानी योजनाहरुको सम्भाव्यताको अध्ययन गरी खानेपानीको व्यवस्था गर्न उचित पहल गरिने छ।

३.२ गाउँपालिकाका प्रमुख स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइने छ।

३.३ समस्याग्रस्त खानेपानी योजनाहरुको मर्मत तथा पुनःस्थापना गरिने छ।

३.४ पुराना पानीका मुहानहरुलाई सुरक्षित गर्दै स्रोत संरक्षण गरिने छ।

३.५ गाउँ तथा टोलमा फोहोरमैला व्यवस्थापनका लागि नागरिकहरुकै सहभागितामा सरसफाईका कार्यक्रम संचालन गरिनेछ।

## ४. संस्कृति प्रवर्द्धन

४.१ गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरु र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अध्यावधिक गरी सो को संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको व्यवस्था गरिनेछ।

४.२ गाउँपालिका स्थित विभिन्न जातजातिका संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्न प्रोत्साहित गरिने छ।

## ५ लैंगिक समानता तथा समावेशीकरण

५.१ सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता पाउने लक्षित समूहका व्यक्तिहरुको मुल अभिलेख अध्यावधिक गरी उक्त कार्यक्रमद्धारा लक्षित व्यक्तिहरुको विवरण एम. आई. एस. प्रणालीमा समयमै समावेश गरी उपलब्ध गराईनेछ।

५.२.सामुदायिक संघ सस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरिने छ।

५.३. सामाजिक कुरिती, वालविवाह र घरेलु हिंसालगायतका महिला विरुद्ध हुने अपराध तथा मदिराजन्य पदार्थको आयात तथा उत्पादनको नियन्त्रणका लागि युवा सहभागितामा सामाजिक जागरण बढाउने कार्यमा सबै सरकारी तथा गैर सरकारी संघ सस्था र स्थानीय सामुदायिक संस्थाहरुसंग सहकार्य गरिने छ।

५.४. लैगिंक विभेदलाई न्यूनिकरण गर्नको लागि महिला शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

५.५. विभिन्न सरकारी तथा गैहसरकारी संस्थाको समन्वयमा लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

५.६. वालमैत्री स्थानीय शासन प्रारुपको अवधारणा बमोजिमका विभिन्न चरणहरु पुरा गरी यस गाउँपालिका लाई वालमैत्री गाउँपालिका घोषणा गरिनेछ । यस कार्यका लागि सरकारी तथा गैरसरकारी संघ सस्थाको सहयोग लिइनेछ ।

५.७. बालश्रम, तथा सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिने छ । गाउँपालिका क्षेत्रमा नयाँ निर्माण गरिने सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरुको निमार्ण कार्यलाई अपाङ्गमैत्री बनाउन पहल गरिने छ । कानूनले अन्त्य गरीसकेको तर समाजमा अझै विद्यमान रहेको छुवाछुत प्रथाको अन्त्य गरी जातीय विभेदरहित समाज निर्माण गर्न पहल गरिनेछ ।

## (३) पूर्वाधार विकास

**१. सडक तथा पुल :** विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको सडक संरचनालाई गाउँपालिकाका ८ वटै वडा कार्यालय तथा टोलवस्तीलाई जोडने गरी योजनावद्ध ढंगवाट क्रमागत रुपमा सडक निर्माण तथा स्तरोन्नती गर्नको लागि यातायात गुरुयोजना तयार गरिने छ । साथै गाउँपालिका भित्रका मुख्य सडकलाई वाह्रै महिना संचालन हुने गरी मर्मत तथा स्तरउन्नतीको कार्यलाई निरन्तरता दिइनेछ । संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरी जिल्ला सदरमुकाम देखि गाउँपालिका केन्द्र सम्म सडक कालोपत्रे गर्ने योजनालाई आवश्यक पहल गरिनेछ ।

१.१. गाउँपालिका क्षेत्र भित्र रहेका सडक तथा सार्वजनिक जग्गालाई अतिक्रमण र अवरोध हुन नदिने व्यवस्था मिलाईनेछ । गाउँपालिका भित्र हालसम्म निर्माण भइसकेका सडकको अध्यावधिक गरी अध्यावधिक गरिएको लगत अनुसार तुलनात्मक रुपमा वढी चल्तीका सडकहरुको मर्मत संभारको कार्यमा जोड दिईनेछ ।

१.२ पूर्वाधार विकास सम्बन्धी ऐन, निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१.३ पूर्वाधार विकासलाई दिगो एवं गुणस्तरीय बनाउन प्रचलित मूल्य, मान्यता तथा प्राविधिक जाँच, वातावरणीय प्रभाव मूल्यांकन लगायतका दिगो विकासका पक्षहरुलाई एकाकार गर्दै लगिनेछ ।

## ६. भवन तथा सहरी विकास

६.१ गाउँपालिका लगायत मुख्य बजारमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गराउने र एकिकृत वस्ती विकासको लागि आवश्यक व्यवस्था गरिने छ ।

६.२ गाउँपालिका क्षेत्रमा निर्माण गरिने भवनहरुलाई भुकम्प प्रतिरोधात्मक भवन निर्माण गर्न प्राथमिकता दिइनेछ ।

६.३ भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई सुरक्षित भवन निर्माण सम्वन्धी तालिमको व्यवस्था मिलाउनको लागि आवश्यक पहल गरिनेछ ।

६.४ भवन निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन भवन निर्माण सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

## ७. उर्जा

७.१ गाउँपालिका क्षेत्रभित्रका हाल सम्म विद्युत सेवा पुग्न नसकेका गाउँ तथा टोलहरुमा उच्च प्राथमिकताका साथ नेपाल विद्युत प्राधिकरण र गाउँपालिकाको सहकार्यमा केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै विद्युत विस्तारको कार्य गर्न जटिल हुने भोगोलिक रुपमा विकट र दुर्गम क्षेत्रको पहिचान गरी त्यस्ता गाउँ तथा वस्तीहरुमा सौर्य उर्जा उपलव्ध गराउन व्यवस्था मिलाईने छ ।

७.४ दुधकोशी जलाशययुक्त आयोजना निर्माण तत्काल अगाडि बढाउनका लागि नेपाल सरकारसंग आवश्यक पहल गरिने छ ।

७.५ यस गाउँपालिकाको सार्वजनिक स्थल तथा बजार क्षेत्रका सडकहरुमा Street Light जडानको लागि आवश्यक पहल गरिने छ ।

७.६ यस आ.व. मा पनि ग्रामीण विद्युतीकरणका योजना तथा कार्यक्रमलाइ अन्य सरोकारवाला सँगको समन्वयमा निरन्तरता दिई आ.व. ०७७।७८ मा गाउँपालिकाको सबै वडामा विद्युतको पहुँच पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

**८.सञ्चारः** गाउँमा ल्याण्डलाईन टेलिफोन सुविधा पुऱ्याउन आवश्यक पहल गरिने छ । इन्टरनेट सहितको सञ्चार माध्यमहरुको थप विस्तारका लागि सम्वन्धित निकायसंग समन्वय गरिने छ ।

## ९. वातावरण र विपद् व्यवस्थापन, वन तथा भु-सरंक्षण

९.१ सामुदायिक वन उपभोक्ता समूह र सरोकारवालाहरु संगको समन्वयमा गाउँपालिका क्षेत्रको वन विनास तथा अतिक्रमणको क्रमलाई निरुत्साहित गरी वनको संरक्षण र सर्म्वद्धन सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्दै खाली र नांगा डाँडा पाखामा जनस्तरवाटै वृक्षरोपणको अभियान सञ्चालन गर्न प्रोसाहन गरिने छ ।

९.२ सडक निर्माणको काम संगै निर्मित सडकको दायाँवायाँ स्थानीय नागरिकको अगुवाईमा सम्वन्धित उपभोक्ताहरु पहिचान गरी अनिवार्य रुपमा स्थानीय जात अनुसारका विरुवा रोप्ने अभियानको थालनी गरी वातावरणमैत्री सडक निर्माण गरिने छ ।

९.३ भुक्षय तथा नदी कटानवाट हुने क्षतिलाई न्यूनिकरण गर्नको लागी आवश्यक कृयाकलापहरु सञ्चालन गरिनेछ ।

९.४ विपद जोखिम न्यूनीकरणको लागि विपद पूर्वतयारी कार्यक्रम संचालन गरीनेछ ।

**१०. जलाधार संरक्षणः** गाउँपालिका स्थित जलाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्रको संरक्षणका गर्न आवश्यक व्यवस्थापकीय कामका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**११. वातावरण व्यवस्थापन**

११.१ पूर्वाधार विकास कार्यक्रमवाट वातावरणमा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्दै वातावरणीय प्रभाव मूल्याकन वा प्रारम्भिक वातावरणीय परिक्षणको प्रकृयालाई अवलम्वन गरिने छ ।

११.२ गाउँपालिकाका सबै वडाहरुलाई घर भित्रको धुँवा मुक्त वडा घोषणा गरिने छ ।

**१२. जलवायु परिर्वतन**

गाउँपालिका तथा साभ्फेदार निकायहरुसँगको समन्वय र सहकार्यमा जलवायू परिवर्तन अनुकुलन सम्वन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**१३. फोहोरमैला व्यवस्थापन**

गाउँपालिका क्षेत्रमा उत्पन्न हुने फोहोरमैला व्यवस्थापनको लागि नागरिक र गाउँपालिकासंग समभ्फदारीमा व्यवस्थापन गर्दै लगिने छ । साथै प्लाष्टिकजन्य सामाग्रीलाई निरुत्साहित गर्दै लगिने छ ।

**१४. जल उत्पन्न प्रकोप नियन्त्रण**

गाउँक्षेत्रका नदीनालामा तटवन्ध तथा पहिरो नियन्त्रणको लागि प्रस्ताव तयार गरी सरोकारवाला निकायसंग सहकार्य गरिनेछ ।

**१५. विपद व्यवस्थापनः** गाउँपालिका एवं वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई चुस्त बनाई क्रियाशिल गराईनेछ ।

१५.१ सरोकारवाला निकायसंगको साभ्फेदारीमा प्राकृतिक विपद् पूर्व, विपद्को समय र विपद् पश्चात सञ्चालन गरिनुपर्ने क्रियाकलापहरुको बारेमा विभिन्न अन्तरक्रिया एवम् चेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**१६. संस्थागत विकास तथा सेवा प्रवाह :**मानव संसाधन विकासमा लागि गाउँपालिकालाई प्राप्त हुने आन्तरिक स्रोत र संघ सरकारवाट प्राप्त समानीकरण अनुदानको आधारमा गाउँपालिका कार्यालय र वडा कार्यालयहरुको लागि आवश्यक पर्ने स्वीकृती दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

**१७. संस्थागत क्षमता विकासः** गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयका पदाधिकारी र कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना तयार गरी समयसापेक्ष रुपमा विभिन्न तालिम, गोष्ठी र अवलोकन भ्रमणको आयोजना गरिने छ ।

**१८. संस्थागत पूर्वाधारः** वडा कार्यालय भवन नभएको वा भइरहेको वडा कार्यालय भवन जिर्ण भएको स्थानमा वडा कार्यालय भवन निर्माणको लागि प्राथमिकताको साथमा बजेट उपलव्ध गराई नयाँ भवन निर्माण गर्न र मर्मत सम्भार गर्नुपर्ने वडा कार्यालयहरु तत्काल मर्मत सम्भार गरी वडा कार्यालयवाट व्यवस्थित रुपमा सेवा प्रदान गर्न वजेटको व्यवस्था मिलाईनेछ । गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

**१९. नागरिक वडा पत्रः** गाउँ कार्यपालिका तथा वडा कार्यालयवाट प्राप्त हुने वस्तु तथा सेवा, प्राप्त गर्ने प्रक्रिया, सेवा लिनका लागि लाग्ने समय र दस्तुर सम्वन्धी जानकारी सहितको नागरिक वडापत्रलाई अध्यावधिक गरी गाउँ कार्यपालिका तथा वडा कार्यालयमा राख्ने व्यवस्था मिलाईने छ ।

**२०. सेवा प्रवाहका मापदण्ड निर्धारण :**

२०.१ गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयवाट प्रवाह हुने सेवालाई थप नियमित र गुणस्तरीयरुपमा प्रवाह गरिने छ ।

२०.२ गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुवाट उपलव्ध गराइने सिफारिस लगायतका सेवा र सूचनालाई क्रमशः विद्युतीय उपकरण र सूचना प्रविधीको माध्यमवाट उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

## २१. वित्तीय व्यवस्थापन

२१.१ राजश्व परिचालन गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा सवलीकरण गराउनको लागि राजश्व परार्मश समितीबाट प्राप्त सिफारिसको आधारमा समय सापेक्ष रुपमा शुल्क, सेवा शुल्क, कर तथा दस्तुरहरुको दरमा पुनरावलोकन गरी गाउँपालिकाको आय वृद्धि गरिने छ । गाउँपालिकाले लगाउन सक्ने कर दस्तुरको दायरा एवम् कर, दस्तुर, शुल्क तथा सेवा शुल्कको वारेमा सुसुचित गरी असुली प्रक्रियाको वारेमा जानकारी दिई उत्प्रेरित गराई करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी सम्पत्तिकर लागु  गरिने छ ।

## २२. सुशासन

२२.१ गाउँपालिका मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई जनताप्रति उत्तरदायी, गुणस्तरीय, प्रभावकारी, पारदर्शी, प्रतिस्पर्धी एवं अनुमान योग्य बनाउन सम्पूर्ण जनप्रतिनिध तथा कर्मचारीहरुबाट समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम आ-आफ्नो जिम्मेवारी गहन ढंगबाट पूरा गरिनेछ ।

२२.२ जनप्रतिनिधि एवं कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता कडाइका साथ पालना गरिनेछ ।

२२.३ कर्मचारीहरुबाट सम्पादन गरिने कार्यलाई परिणाममुखी बनाउन गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरुमा इ-हाजिरीलाई व्यवस्थित बनाईनेछ । साथै कर्मचारीहरुको पोशाक सहिंता तथा परिचयपत्रलाई अनिवार्य गरिनेछ ।

२२.४ म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु भन्ने प्रतिज्ञाका साथ यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी परिवार सिंगो गाउँपालिकाको समुन्नत विकासमा लागिनेछ ।

२२.५ कार्यसम्पादनका आधारमा कर्मचारीहरुको मनोवल उच्च राख्न कर्मचारीहरुलाई प्रोत्साहन गरिने व्यवस्था मिलाईने छ ।

## २३. वित्तीय जोखिम न्यूनिकरण :

छिटो प्रतिफल प्राप्त हुने वढीभन्दा वढी जनसहभागितामा सम्पन्न हुने र स्थानिय स्रोत, साधन, सीप र प्रविधिको प्रयोग हुने कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

## २४. सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण/आन्तरिक तथा अन्तिम लेखा परीक्षण :

वडा तथा गाउँ कार्यपालिकाको कार्यालयद्धारा सम्पादित कार्यहरुको जानकारी र गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रमको आयोजना गर्नुका साथै आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा वेरुजु फछ्यौट व्यवस्थित गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २५.सूचना तथा संचार व्यवस्थापनः

२५.१ गाउँ कार्यपालिकाको प्रवक्ता मार्फत गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने व्यवस्था गरिनेछ ।

२५.२ गाउँ कार्यपालिकाको वेभ साइट मार्फत गाउँपालिका सम्वन्धित सम्पूर्ण सूचनाहरु उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२५.३ प्रमुख प्रशासकीय अधिकृतले तोकेको सूचना अधिकारी मार्फत गाउँ कार्यपालिकाको कार्यालयसंग सम्वन्धित सूचना सरोकारवालालाई उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२५.४ गाउँपालिकाको वार्षिक प्रगति पुस्तिका र वार्षिक योजना तथा कार्यक्रमहरु प्रकाशन गरी सार्वजनिक गरिनेछ ।

२५.५ व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने लाभग्राहीहरुको नामलाई अनलाईनको माध्यमबाट मूल अभिलेख व्यवस्थापनको कार्य गर्ने व्यवस्था मिलाइनेछ ।

२५.६ गाउँपालिकाका प्रत्येक वडामा ईन्टरनेटको सुविधा गुणस्तरीयरुपमा पुर्याईनेछ। साथै विद्युतीय शासनलाई प्रभावकारी कार्यान्वयन गरी डिजिटल डिभाईडको अवस्थालाई अन्त्य गर्दै Paperless Government को अवधारणलाई कार्यान्वयन गर्दै लगिनेछ।

## २६. जनता आवस कार्यक्रमः

१. गाउँपालिका भित्र बसोबास गर्ने गरिब तथा विपन्न घर परिवारका नागरिकलाई सुरक्षित रुपमा बसोबासको प्रत्याभूति गराउन संघ तथा प्रदेश र स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने यस गाउँपालिकाको योजना तथा कार्यक्रममा उल्लेखित भएको सुरक्षित नागरिक आवास तथा जनता आवास कार्यक्रमलाई थप विस्तार गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ।

**२७. व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरणः**

व्यक्तिगत घटना दर्ता प्रणाली सदृढिकरण आयोजनाबाट यस गाउँपालिकालाई प्राप्त बजेटबाट सञ्चालन हुने सशर्त कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

**२८. विविधः**

२८.१ यस गाउँपालिकाको विकासका लागि साझेदार गर्ने विभिन्न संघसस्थाहरुसँग आवश्यक समन्वय गरी विकास सम्बन्धी कार्यहरुलाई अगाडि बढाईने छ।

२८.२ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई गाउँपालिकाको विकास आयोजनाहरुसँग जोडी गुणस्तरयुक्त एवम् परिणाममुखी कार्य गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ।

२८.३ गाउँपालिकाबाट सञ्चालन गरिने हरेक योजना तथा कार्यक्रमहरुलाई उत्पादन प्रक्रियासँग एकाकार गरी गरिबी निवारणका कार्यक्रमहरु संचालन गरिनेछ।

अन्त्यमा,

चिशंखुगढी गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि यो नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ। नेपालको संविधानले आत्मसात गरेका मान्यता, परिकल्पना, नेपाल सरकारको १५ औं आवधिक योजना तथा प्रदेश सरकारको योजनाको आधारपत्र र यस गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको आधारमा रही यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ। आगामी बजेटबाट नीति कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई समेट्ने विश्वास लिएको छु। यो नीति तथा कार्यक्रम समुन्नत गाउँपालिकाको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहने छ। नीति तथा कार्यक्रमका लागि सुझाव दिनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, र कर्मचारी साथीहरु तथा अन्य सरोकारवालाहरु सबैमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

**निशान्त शर्मा**

धन्यवाद ।

**अध्यक्ष**

**चिशंखुगढी गाउँपालिका**